"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका

# DHARAN SUB-METROPOLITAN CITY

# नगर कार्यपालिकाको कार्यालय

# OFFICE OF THE MUNICIPAL EXECUTIVE

शिक्षा, युवा तथा खेलकुद महाशाखा

धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल

Dharan, Sunsari, Province No. 1, Nepal

FN 30

पत्र संख्या :-

चलानी नं. :- ४२५६

मिति: २०७६।११।२६

**विषयः परीक्षा संचालन सम्बन्धमा ।**

श्री कक्षा ८ संचालित सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु
धरान उपमहानगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा धरान उपमहानगरपालिका, **नगर स्तरीय आधारभूत शिक्षा परीक्षा समिति**को मिति २०७६।११।२३ को बैठकको निर्णयबाट २०७६ सालको **आधारभूत शिक्षा उत्तीर्ण परीक्षा** संचालन सम्बन्धमा विद्यालयहरुलाई देहाय बमोजिम निर्देशन गर्ने निर्णय भएकोले सोहि बमोजिम गर्न गराउन हुन अनुरोध छ ।

**निर्देशनहरुः**

१. आधारभूत शिक्षा उत्तीर्ण परीक्षाको परीक्षा केन्द्र सम्बन्धित विद्यालय र केन्द्राध्यक्ष सोही विद्यालयको प्रअ हुने भन्ने निर्णय भएकोले सोही बमोजिम गर्नु हुन ।

२. केन्द्राध्यक्षले आवश्यक संख्यामा निरीक्षक तथा कर्मचारीहरुको व्यवस्थापन सम्बन्धित विद्यालयकै शिक्षकहरुबाट गर्नु हुन ।

३. प्रत्येक दिन परीक्षा सुरु हुनु भन्दा ३० मिनेट अगाडि केन्द्राध्यक्ष र सम्बन्धित विद्यालयका कम्तीका ३ जना शिक्षकहरुको रोहवरमा प्रश्नपत्रको सिलबन्दी प्याकेट खोली सर्वप्रथम विषय रुजु गर्ने, रुजु गर्दा विषय फरक परेमा तत्काल खोलिएको प्याकेट गोपनियना भंग नहुने गरी पुन प्याकेट सिलबन्दी गर्ने र परीक्षा समितिका पदाधिकारीहरुसँग समन्वय गरी सम्बन्धित विषयको प्रश्नपत्रबाट परीक्षा सञ्चालन गर्ने व्यवस्था गर्नु हुन ।साथै प्रश्नपत्रको सिलबन्दी प्याकेटमा ढुवानीका कारणबाट सामान्य क्षति पुगेको भएमा पनि प्रश्नपत्र खोली नियमित रुपमा परीक्षा संचालन गर्नु हुन ।

४. हरेक दिन परीक्षा सम्पन्न भए पश्चात उत्तरपुस्तिका प्याकिङ् गरी सोही दिन ४:०० बजे भित्र श्री पब्लिक हाइ स्कूल, धरान- १२ मा बुझाउने व्यवस्था गर्नु हुन ।

५. प्राकृतिक विपत्ति वा दैविप्रकोपको कारणबाट परीक्षा समितिले समय तालिका परिवर्तन गरेको अवस्थामा बाहेक पूर्व निर्धारित समय तालिका बमोजिम नै परीक्षा संचालन गर्ने गराउने ।

६. विद्यार्थीहरुलाई अनिवार्य रुपमा प्रवेश पत्र सहित परीक्षा भवनमा उपस्थित हुन निर्देशन दिने । प्रवेश पत्र हराएमा केन्द्राध्यक्षले प्रतिलिपि प्रदान गरी सो को जानकारी धरान उपमहानगरपालिका, शिक्षा युवा तथा खेलकुद महाशाखालाई दिने ।

७. परीक्षासँग सम्बन्धित कुनै पनि विषयमा अस्पष्टता भएमा धरान उपमहानगरपालिका, शिक्षा युवा तथा खेलकुद महाशाखामा सम्पर्क राख्नु हुन ।

८.अपाङ्ग विद्यार्थीहरुको हकमा लेखकका लागि सहयोगी राख्नुपर्ने भएमा शिक्षा, युवा तथा खेलकुद महाशाखाको पूर्व स्वीकृति लिई तल्लो कक्षामा अध्ययनरत विद्यार्थीलाई सहयोगी राख्ने व्यवस्था गर्नु हुन।

९. प्रश्नपत्रको हकमा सम्बन्धित विषयको प्रश्नपत्र परीक्षाको दिन विहान ७:३० देखि श्री पब्लिक हाइ स्कूल, धरान- १२ बुझिलिनु हुन ।

१०. स्थानीय विषयको उत्तरपुस्तिका सम्बन्धित विद्यालयको विषय शिक्षकबाट परीक्षण गराई प्रासाङ्क परीक्षा समितिमा पेस गर्नु हुन ।

११. उपमहानगरपालिकाबाट खटिएका अनुगमनकर्ताहरुले परीक्षा सम्बन्धी माग गरेको विवरण उपलब्ध गराउने र आवश्यक विवरणहरु अद्यावधिक गरी राख्नु हुन ।

१२. विद्यालयले प्रयोगात्मक परीक्षा हुने विषयमा प्रयोगात्मक परीक्षा सञ्चालन गरी प्रासाङ्कलाई Exam Template मा इन्ट्रि गरेर मिति २०७६।१२।१० गते भित्र IEMIS मार्फत अनलाइन अपलोड गरिदिनु हुन । साथै प्रमाणित हार्डकपी परीक्षा समितिमा पेस गर्नु हुन ।

१३. निर्देशन न. १ र २ बमोजिम केन्द्राध्यक्ष वा निरीक्षकहरुको आर्थिक दायित्व धरान उपमहानगरपालिकाबाट व्यहोरिने छैन ।

१४. परीक्षा संचालनको क्रममा कारणबस प्रश्नपत्रमा कुनै द्विविधा वा समस्या उत्पन्न भएमा तत्काल परीक्षा समितिलाई सम्पर्क गरी समितिको निर्देशन बमोजिम गर्नु हुन ।

**सम्पर्क व्यक्तिहरुः**

**रत्नबहादुर कटुवाल(९८४१३५८८४०) रामचन्द्र कार्की (९८५१०७४१४९) मनोज भट्टराई (९८४२२५६६३०)**

२०७६।११।२६
रत्नबहादुर कटुवाल
उप-सचिव (प्रा)

education@dharan.gov.np

कार्यकारी अधिकृत: ०२५-५२०२७९, आर्थिक प्रशासन: ५२५४९०, सूचना, राजस्व: ५२०१०९, कार्यालय: ५२०४०७, ५२०६३६, ५२०८१३ फ्याक्स: ५२११९१ वरुणयन्त्र: १०१, ५२०११९